**यस गाउँपालिकाले हालसम्म गरेका कामहरु यहाँसामु प्रस्तुत गर्न गईरहेको छु।**

- वडा नं. १ देखि वडा नं. ९ सम्म कतिपय योजनाहरुको काम सम्पन्न भई रकम भूक्तानि लिईसकेका छन्। केही योजना कार्यान्वयनको प्रक्रियामा अगाडि बढीरहेका छन्।
- यस नरहरिनाथ गाउँपालिकामा आवधिक योजनाहरु निर्माणधिन अवस्थामा छ।
- प्रस्तावित धाँचुखोला जलविद्युत आयोजना स्वीकृतिको लागि काम अन्तिम अवस्थामा पुगेको छ।
- नरहरिनाथ गाउँपालिकाको शैक्षिक गुणस्तर सुधारको लागि विभिन्न तालिम, गोष्ठि, शैक्षिक सामाग्री, बसाई व्यवस्थापन र अनुगमनको पक्षलाई अगाडि बढाईरहेका छौं।
- कृषि तथा पशुक्षेत्रमा उल्लेखनिय सुधार गरिएको जानकारी गरिन्छ।
- कृषि पशु क्षेत्रमा विभिन्न लागत साझेदारीका कार्यक्रम संचालनमा आएका छन्।
- यस नरहरिनाथ गाउँपालिकाले औषधि खरिद गरि निःशुल्क रुपमा जनतालाई औषधि उपलव्ध गराई स्वास्थ्य संस्थाहरु सुधार गरिएका छन्।
- नरहरिनाथ गाउँपालिकामा १५ शैयाको स्वास्थ्य भवनको डि.पि.आर.तयार गरी भवन शिलान्यास समेत भईसकेको छ। साथै उक्त भवनको निमार्णकार्य अगाडि बढाईने छ।
- गाउँपालिकाको भवनको निर्माण कार्य भईरहेको छ,र आगामि २०७८ साल अषाढसम्म यो भवनको निर्माण कार्य सम्पन्न गरिने छ।
- विभिन्न विद्यालयमा भवन मर्मत घेरबार फर्निचर फिल्ड निर्माण भवन निर्माणधिन अवस्थामा रहेका छन्।
- २०७७ साउन १३ गतेको अविरल वर्षाका कारण पूर्ण रुपमा क्षति भएका विद्यालय भवन नयाँ स्थानमा सार्ने (विश्वकुना मा.वि. माझगोठि, नन्दादेवी आ.वि.खातिरुप्सा, जनकल्याण आ.वि. पनेरीखेतको) नयाँ भवन निर्माणधिन अवस्थामा छन् भने नन्दादेवी मा.वि. कोटवाडा र मंगलासैनी मा.वि. खिरचौका लालुमा ठेक्का मार्फत भवन निर्माणधिन अवस्थामा छन्।
- यस गाउँपालिका अन्तर्गतका वडाहरुमा १ घर १ धारा कार्यक्रम अन्तर्गत ९५० वटा धाराहरु निर्माण भईसकेका छन र ७५० वटा धारा निर्माणाधिन अवस्थामा रहेका छन्।
- झोलुङ्गे पुल १० वटा संचालनमा रहेका छन् र ३ वटा निर्माणाधिन अवस्थामा छन् भने ५ वटा सर्भेको काम अगाडि बढी रहेका छन्।
- सिंचाईतर्फ केही सिँचाई कूलाहरु निर्माण चालु भईसकेका छन् र केही निर्माणधिन अवस्थामा छन्।
- लालिघाट देखि ट्र्याक ओपन भई गाडि डाँडाखला सम्म पुगीसकेका र डाडाखला देखि शैनेखोलासम्म सडक निर्माणाधिन अवस्थामा रहेको छ।
- नेवलपधेरा सुनथराली सडक निर्माण कार्य लगातार अगाडि बढीरहेको छ।
- खुलालु लालु माल्कोट चुना सडकको निर्माण कार्य तिव्र गतिमा अगाडि बढीरहेको छ।
- खुलालु, विश्वकुना, पिपलरुप लालु माल्कोट रामारोशन सडक निर्माणधिन अवस्थामा छ।
- कर्णाली करिडोर भर्ता खुलालु जोड्ने पक्की पुलमा धमाधम काम भएको छ भने सोको कार्य सम्पन्न २०७८ अषाढसम्म हुने देखिन्छ।
- सुनथराली विमान स्थलको काम धमाधम भईरहेको छ। यो काम २०७८ अषाढ मसान्तसम्म सम्पन्न हुने देखिएको छ।
- कर्णाली करिडोरको लालिघाट खुलालु सडक र रहगाड मोरा पक्कीपुल २०७८ साल अषाढसम्म सम्पन्न हुँदैछ। साथै खुलालुसम्म गाडि पुगि सकेको जानकारी गराईन्छ।

Scanned with CamScanner

